परिवर्तनका लागि एक नयाँ आवाज

टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।

टक नेपाल राष्ट्रिय दैनिक परिवार

ईमेल : talknepalnationaldaily@gmail.com

सम्पर्क : ९८०७८२१०१४,९८४४६९७४५९

वर्ष : २ अंक : १७५ पृष्ठ ४ २०८० मंसिर ३० गते, शनिबार 16 Dec., 2023 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

प्रदेश सांसद अभिराम शर्मालाई जन्मकैदको फैसलापछि लोसपामा तरंग, सरकार छाड्न दबाब

• टक नेपाल

काठमाडौं । जिल्ला अदालत महोत्तरीले मधेश आन्दोलनका क्रममा जलेश्वरमा मारिएका सशस्त्र प्रहरीका असई थमन विक मुद्दामा मधेश प्रदेशका सांसद अभिराम शर्मासहित ७ जनालाई जन्मकैदको सजाय सुनाएपछि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)मा तरंग पैदा भएको छ । सांसद शर्मा लोसपा मधेश संसदीय दलका नेता पनि हुन् । पार्टीबाट निर्वाचित सांसदलाई अदालतले जन्मकैदको फैसला गरेपछि अध्यक्ष महन्थ ठाकुर लाई सरकार छाड्ने दबाब बढाएका छन् । अदालतको सो फैसलाप्रति असहमति जनाउँदै अध्यक्ष ठाकुरले ध्यानाकर्षण भएको जनाएका छन् । अध्यक्ष ठाकुरले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'स्वतन्त्र न्यायालय लोकतन्त्रको आत्मा हो । न्यायालयप्रति उच्च सम्मान प्रकट गर्दै महोत्तरी जिल्ला अदालतको उक्त फैसलाप्रति हाम्रो गम्भीर असहमति रहेको छ ।' उनले राजनीतिक अधिकार प्राप्तिको संघर्षमा लाखौं जनता सडकमा उर्लेको सर्न् दभमा कसैको मृत्यु हुनु एउटा दुःखद घटना हो नै तर तथ्य एवं वास्तविकताभन्दा बाहिर गएर फरक ढंगले निर्दोष व्यक्तिहरुलाई राजनीतिक पूर्वाग्रहको आधारमा फसाइएको उल्लेख गरेका छन् । विद्यमान कानून तथा न्यायिक प्रक्रियालाई आधार मानेर न्याय एवं इन्साफको लागि बढ्ने उनको भनाइ छ । यस्तै, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतोले पनि मधेश आन्दोलनको समयमा भएको विभिन्न घटना, दुर्घटना र सोही बहानामा पूर्वाग्रही ढंगबाट आन्दोलनका अगुवा लक्षित दायर भएको मुद्दामा आधारित रहेर महोत्तरी जिल्ला अदालतले गरेको फैसला दुर्भाग्यपूर्ण भएको बताएका छन् । उनले तत्काल सरकारलाई



दिएको समर्थन फिर्ता गरी संघर्षको कार्यक्रम घोषणा गरी नेतृत्वदायी भूमिका निर्वाह गर्न माग गरेका छन् । उनले भनेका छन्, 'मैले हाम्रा पार्टी अध्यक्ष महन्थ ठाकुरलाई आफ्नो नेता कार्यकर्ताविरुद्ध भैरहेको षड्यन्त्रको पर्दाफास गरी निर्भयका साथ आन्दोलनमा

»» बाँकी पृष्ठ ३ मा

महोत्तरी जिल्ला अदालतको फैसला दुर्भाग्यपूर्ण : राजेन्द्र महतो



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का वरिष्ठ नेता राजेन्द्र महताले महोत्तरी जिल्ला अदालतको फैसला दुर्भाग्यपूर्ण भएको टिप्पणी गरेका छन् । महतोले प्रेस वक्तव्य जारी गरेर मधेश आन्दोलनका बेला भएका घटनामा पूर्वाग्राही ढंगले मुद्दा दायर भएको र त्यसमाथि गरिएको फैसला दुर्भाग्यपूर्ण रहेको उल्लेख गरेका छन् । महोत्तरी अदालतले बिहीबार थमन विक हत्या प्रकरणमा लक्ष्मी महतो कोइरीलाई सफाइ दिएर अरुलाई जन्मकैदको सजाय सुनाएको छ । यो फैसलाले मधेशी जनतालाई हारको मनोविज्ञानमा धेकेल्ने काम गरेको पनि महतोले उल्लेख गरेका छन् । उनले मधेश आन्दोलनका बेला उठाएको एजेण्डा ज्यूका त्यू रहेकाले फेरि आन्दोलनमा उत्रन समेत आग्रह गरेका छन् । महतोले सरकार लाई दिएको समर्थन फिर्ता लिएर संघर्षमा उत्रने

»» बाँकी पृष्ठ ३ मा

थुनामा रहेका बालकृष्ण खाँण घर फर्किए



• टक नेपाल

काठमाडौं । पूर्व गृहमन्त्री बालकृष्ण खाँणलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले साधारण तारेखमा छाडेको छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका खाँणलाई ३० लाख रुपैयाँ धरौटीमा छाड्न अदालतले शुक्रवार आदेश दिएको थियो । तर, प्रहरीले अनुसन्धानका लागि सम्पत्ति शुद्धीकरण विभाग र आयो गसमक्ष पनि सिफारिस गरेकाले उनी छुटेका थिएनन् । शुक्रवार अबेर उनलाई तारे खमा छाड्ने निर्णय भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले बताए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले पनि खाँणलाई १५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । उनले त्यसअनुसारको बैङ्क ग्यारेन्टी जम्मा गरिसकेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपी पूर्व गृहमन्त्री बालकृष्ण खाँणले जिल्ला अदालत, काठमाडौंमा पुगेर धरौटी बापतको रकम अनुसारको बैङ्क ग्यारेन्टी पेस गरेका छन् । बिहीबार उच्च अदालत पाटनले ३० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएपछि खाँण शुक्रवार धरौटी रकम जम्मा गर्न जिल्ला अदालत, काठमाडौं पुगेका थिए। लगत्तै प्रहरीले उनलाई सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र अख्तियार दुरुपयोग अनुसन्धान आयोग हाजिर गराएको थियो । नेपाली युवालाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाइदिने भन्दै एउटा गिरोहले लाखौं रुपैयाँ उठाएर ठगी गरेको थियो । भुटानी शरणार्थी समस्याबारे अध्ययन गर्न बनेको पूर्व सहसचिव बालकृष्ण पन्थी नेतृत्वको कार्यदलको प्रतिवेदनमा किर्ते गरेर खाँण गृहमन्त्री भएका बेला नेपाली युवालाई अमेरिका पठाउने प्रयास भएको अनुसन्धानबाट खुलेको थियो ।

आजको PDF अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।





परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

राजनीतिक भगवण्डा बन्द गर

मुलुककै सबैभन्दा जेठो त्रिभुवन विश्वविद्यालयमा फेरि राजनीतिक भागवण्डा शुरु भएको छ। सरकार आबद्ध नेपाली कांग्रेस, माओवादी केन्द्र, जसपा र समाजवादी पार्टीले आफू अनुकूलको उपकुलपतिलगायत पदाधिकारी नियुक्ति गर्न रस्साकस्सी शुरु गरेका छन्। त्रिभुवन विश्वविद्यालयका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आफू निकटका व्यक्तिलाई उपकुलपति नियुक्ति गर्न जोडबल गरेका छन्। त्रिभुवन विश्वविद्यालयका सहकुलपति एवं शिक्षामन्त्री अशोक कुमार राईले जसपालाई पनि पदाधिकारीको भागवण्डा खोज्नुभएको छ। माओवादी केन्द्रले उपकुलपति लिए नेपाली कांग्रेसले रजिस्ट्रार लिने र कांग्रेसले उपकुलपति छाने माओवादी केन्द्रले रजिस्ट्रार लिने गरी तयारी भएको छ। बाँकी पदमा सरकार आबद्ध अन्य दलबीच सहमति गर्ने तयारी भएको छ। त्रि.वि.मा रजिस्ट्रारको पदावधि पुस ९ गते सकिँदै छ। रजिस्ट्रारको पदावधि सकिएपछि त्रि.वि.मा उपकुलपति, रेक्टर, रजिस्टार र त्रि.वि. सेवा आयोगको एकजना सदस्यको पद रिक्त हुन्छ। त्रि.वि.मा राजनीतिक भागवण्डा गर्न नहुने चर्चा चलिरहँदा सरकार आबद्ध दलका नेता भने भागवण्डाबाट पदाधिकारी नियुक्ति गर्न लागिपरेका छन्। उपकुलपति प्रा.डा. बास्कोटाको पदावधि सकिएपछि तीन महिने उपकुलपतिको बागडोर सम्हालेका प्रा.डा. शिवलाल भुसाललेे पनि उपकुलपतिमा इच्छा जाहेर गरेका छन्। माओवादी कोटाबाट रेक्टर भएका उपकुलपति प्रा.डा. भुसाल आफू पूर्ण कार्यकालका लागि उपकुलपति हुनुपर्ने दाबी पेस गरेका छन्। बर्सेनि विद्यार्थीको संख्या घटेर बिजोग बन्न थालेको त्रि.वि.मा भागवण्डाबाट पदाधिकारी नियुक्ति गर्दा झनै समस्या देखिने प्रायः निश्चित छ। माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री दाहाल, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, जसपाका अध्यक्ष उपेन्द्र यादव, समाजवादीका अध्यक्ष माधवकुमार नेपालले त्रि.वि.को पदाधिकारीमा आफ्नो भाग खोज्नुभएको छ। यसअघिका उपकुलपति प्राडा धर्मकान्त बास्कोटाको कार्यकाल कार्तिक १८ मा सकिएको थियो। प्रधानमन्त्री एवं कुलपति पुष्पकमल दाहालले कार्तिक १९ गते सर्च कमिटी गठन गर्नुभएको थियो। भागवण्डाको विषयमा कुरा नमिल्दा सर्च कमिटीको बैठक आजसम्म बस्न सकेको छैन। त्रि.वि.का सहकुलपति एवं शिक्षामन्त्री राईको अध्यक्षतामा बनेको सर्च कमिटीमा शिक्षा सचिव सुरेश अधिकारी र त्रि.वि.का बौद्ध अध्ययन विभागका प्रमुख डा. चन्द्रकला सदस्य छन्। राजनीतिक भागवण्डामा उपकुलपतिसहितको पदाधिकारी नियुक्ति हुने भएपछि उपकुलपति र पदाधिकारीको दौडमा रहेका आकांक्षीहरु शक्तिकेन्द्र धाउन थालेका छन्। उनीहरु अफ्नो पार्टी निकट अनुसार त्रि.वि.का प्राध्यापक संघ र संगठनका पदाधिकारीसँग भेट गरी गुहार माग्न थालेका छन्।

कहिले आउला मधेशमा सुनकोसीको पानी.....

मौसमअनुसारको बालीका साथै बेमौसमी उत्पादन पनि भइरहेको छ। अहिले दलहन, तेलहन, तरकारी, मकैलगायत बालीको वर्षभरि खेतीपाती हुन्छ', महतोले भने, 'यो वागमती सिँचाइ आयोजनाले ल्याएको बदलाब हो। तर पहुँच क्षेत्रमा पर्याप्त पानी र अरु क्षेत्रमा पहुँच विस्तार गर्न सके यो क्षेत्रले अझै फड्को मार्थ्यो।' वागमती नगरपालिका–१० का वीरबहादुर खड्का देशमै अन्नभण्डारको रुपमा परिचित मधेश प्रदेशमा सिँचाइ सुविधा पुगेमा उत्पादन वृद्धि र नमूना कृषि क्षेत्रको विकासमा टेवा पुग्ने उदाहरण पानीको पहुँच भएका ठाउँहरुको उत्पादनबाट प्रष्ट हुने बताउछन्। खड्का भन्छन्, 'सिँचाइ सुविधा पुगेमा यहाँका किसानहरुले रोजगारीका लागि अर्को विकल्प सोच्नु पर्दैन। तर पर्याप्त र सबै ठाउँमा पानी पुग्न नसकेकाले सोचेजस्तो खेतीपाती गर्न सकिरहेका छैनौं।' समस्याका बीच पनि विभिन्न माध्यमबाट सिँचाइ सुविधा पुगेका क्षेत्रमा गोलभेंडा, परबल, बोडी, सिमी, भान्टा, करेलालगायत तरकारी उत्पादनमा निरन्तर प्रगति हुँदै गएको कृषि थोक बजार व्यवस्थापन समिति, लालबन्दीका अध्यक्ष तोरणबहादुर मगरको भनाइ छ। त्यहाँको उत्पादन हाल सिन्धुली, रामेछाप, काठमाडौं, पोखरा, बुटवल, भैरहवा, नारायणघाट, नेपालगञ्ज, हेटौंडा, वीरगञ्ज, गौर, जनकपुर, सिरहा, विराटनगर, इटहरीका साथै छिमेकी देश भारतको सोनवर्षा तथा सीतामाडीलगायतका बजारमा निर्यात हुने गरेको छ। 'बागमती नहर बन्यो हाम्रो सपना पनि बढे। मकैमा निर्भर यहाँका कृषकहरुले धान, मकै, दलहन, तरकारीबालीको खेती गर्न थाल्यौं तर पानी अभावले सोचे जस्तो खेतीपाती गर्न सकिरहेका छैनौं। सुनकोशी-मरिन पथान्तरणपछि हाम्रो सपना थप फराकिलो हुनेछ। पक्कै यो अवस्था बदलिने छ', रक्षापुर जल उपभोक्ता समिति, वागमती–१० का अध्यक्षसमेत रहेका खड्काले भने। सुनकोशी-मरिन पथान्तरणको काम नहुँदासम्म भएकै बागमती सिँचाइबाट बढी लाभलिने गरी व्यवस्थापनको जरुरी रहेको भनाइ छ जल उपभोक्ता महासङ्घ, सर्लाहीका अध्यक्षसमेत रहेका महतोको। 'एकातिर स्रोतमै पानीको कमी छ भने अर्कोतिर धेरै पुराना, माटो का नहर हुँदा भएकै पानी पनि खेतसम्म पुग्दैन। चुहावटका कारण पहुँच भएकै ठाउँमा पनि पर्याप्त पानी पुगेको छैन', महतोको गुनासो छ, 'त्यसले आयोजनाले नहरको उचित मर्मतसम्भार र व्यवस्थापन सुधार गरी भएकै पानीबाट बढीभन्दा बढी लाभ लिने अवस्था बनाउनुपर्छ। आयोजनाले प्रभावकारी कार्ययोजना बनाएर काम गर्नुपर्‍यो।'कृषि ज्ञान केन्द्र सर्लाहीका निमित्त प्रमुख देवानन्द राय यादव पनि वागमती सिँचाइ अर्थात सतह सिँचाइको पहुँच पुगेका क्षेत्रमा बाली सघनता, उत्पादकत्व वृद्धि भए पनि जिल्लामा सिमानातर्फका क्षेत्रमा नहर पहुँच नहुँदा बहुसरु्यक कृषकले लाभ लिन नसकेको बताउछन्। 'पानी लाग्ने क्षेत्रमा धानलगायत कृषि उपजको उत्पादन राम्रो देखिन्छ तर आकासे वर्षाको भर पर्ने स्थानका कृषकले राम्रोसँग खेती गर्न पाएका छैनन्। बोरिङबाट पानी चलाएर खेती गर्दा लागत बढ्ने हुँदा कृषितर्फको आकर्षण बढिरहेको छैन। यी ठाउँमा सिँचाइको पहुँच विस्तार गर्न जरुरी छ,' उनले भने। बागमती सिँचाइ आयोजना प्रमुख भिलानन्द यादव ३० वर्ष पहिले र अहिले खेती गर्ने प्रवृत्ति बदलिएर पानीको माग बढे पनि स्रोतमा नै पानीको अभाव भएकाले माग र आपूर्तिमा सन्तुलन मिलाउन कठिन भइरहेको बताउछन्। तर भएकै पानीलाई आलो पालो विधिमार्फत खेतमा पुर्‍याउनका लागि हरसम्भव प्रयास भइरहेको यादवले बताए। 'धानखेती अर्थात वर्षमा दुई याममा मात्रै खेतीपाती हुने बेला आयोजना बनाइएको हो तर अहिले त दलहन, तेलहन, तरकारी, मकै गरी वर्षभरि खेतीपाती हुन्छ', आयोजना प्रमुख यादवले भने, 'उही संरचनाबाट कृषकको बदलिँदो आवश्यकता सम्बोधन गर्न वर्षभरि पानी चलाउनुपर्ने बाध्यता छ। यसले नहर मर्मत तथा व्यवस्थापनमा केही समस्या भइरहेको छ' आयोजनाका प्रमुख डिभिज्नल इन्जिनीयर रञ्जनराज भट्टराईले नहरको पहुँच क्षेत्रमा बनाइएका जल उपभोक्ता समितिहरुसँगको सल्लाहमा पानीको वितरणलगायत कार्यहरु भइरहेको बताए। पहुँच क्षेत्रमा एक सय ३० जल उपभोक्ता समिति गठन गरिएका र ती समितिमा आवद्ध किसानसँग नियमित बैठक बसेर समस्याको पहिचान र निदानको काम सँगसँगै अगाडि बढाउने गरिएको भट्टराईले बताए। 'अहिले दुई वटा मूल नहर, त्यसका तीन/तीन वटा शाखा नहर र २१ वटा प्रशाखा नहर बाट पानी वितरणको काम भइरहेको छ। सर्लाही र रौतहटको ४५ हजार छ सय हेक्टरमा जमिनमा सिँचाइ पहुँच छ। त्यसको अभिकतम् उपयोगको नीतिअनुसार हामीले काम गर्दै आएका छौं। एक लाख २२ हजार हेक्टरमा सिँचाइ पहुँच पुर्‍याउने लक्ष्यसहित बनिरहेको सुनको शी-मरिन डाइभर्सनपछि किसानका सबै गुनासाहरु सम्बोधन हुनेछन्,' उनले भने।

सबैको सपना सुनकोशी-मरिनको पानी

बागमती सिँचाइ आयोजना आर्थिक वर्ष २०३५-३६ मा निर्माण सुरु भई २०५० सालमा सम्पन्न भएको थियो। पहिलोपटक सन् १९६७-१९७२ मा तयार गुरुयोजना र पछि सन् १९७९-८० मा अध्ययन पुनर्संरचना गरिएको यस आयोजनाबाट समग्रमा एक लाख २२ हजार हेक्टर जग्गामा सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ। दुई चरणमा निर्माण गरिने यो जनाअनुसार पहिलो चरणको प्रथम खण्डमा बागमती नदीमा ब्यारेज निर्माण गरी सर्लाही र रौतहट जिल्लाको ४५ हजार छ सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास र दोस्रो खण्डमा बारा जिल्लाको करिब २२ हजार चार सय हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधाको विकास समावेश गरिएको थियो। पहिलो चरणमा ६८ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ पहुँच पुर्‍याउने परिकल्पना भए पनि पहिलो खण्डको काम सम्पन्न भई ४५ हजार छ सय हेक्टरमा नहर पहुँच पुगेको छ। तर बारातर्फको २२ हजार चार सय हेक्टरमा पानी पुर्‍याउने काम हुन सकेको छैन। त्यसैगरी आयोजनाको दोस्रो चरणअन्तर्गत राष्ट्रिय गौरवको सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनाको काम भइरहेको छ। भट्टराईका अनुसार दोस्रो चरणको लक्ष्य हासिल गर्न करिब ६७ घनमिटर प्रतिसेकेन्ड पानी सुनकोशी नदीबाट बागमती नदीमा मिसाउने नदी स्थान्तरणको कार्य सम्पन्न भएमा रौतहट तथा सर्लाहीमा सीमित आयोजनाले धनुषा र महोत्तरी जिल्लामा समेत थप सिँचाइ विस्तार गर्नेछ। त्यसका लागि दोस्रो चरणको विस्तार तथा मौजुदा संरचनाको पुनःनिर्माण एवं जीर्णोद्धार बारे अध्ययन तथा त्यसको कार्यान्वयन गर्न दुईवटा परामर्शदातामार्फत अध्ययनको काम भइरहेको आयोजना प्रमुख यादवले जानकारी दिए। 'नदी पथान्तरणपछि धनुषाको नगराइन, महोत्तरीको रातुखोला र बाराको दुधौरासम्म सिँचाइ पहुँचका लागि पूर्वाधार निर्माण गर्न विस्कृत परियोजना प्रतिवेदन (डिपिआर) तयारी र अध्ययनकै क्रममा छ,' उनले भने। विसं २०५० अर्थात् ३० वर्षअघि निर्माण गरिएको सो आयोजनाले वर्षै पिच्छे नहर संरचना टालटुल र मर्मतसम्भार गरी सिँचाइ सुविधा पुर्‍याइरहेको छ। वागमती नदीको स्रोतमै पानी बहावमा कमी आएपछि आयोजनाको नहरमा पानी घट्दै गएको र चुहावटका कारण नहर मुहानको पानी खेतमा पुग्ने अवस्था पनि नरहेको किसानले गुनासो गर्दै आएका छन्। हाल ४९ किलोमिटर लम्बाई रहेको आयोजनाको मूल नहरको पूर्वतर्फ रौतहट क्षेत्रमा २२ हजार छ सय हेक्टर अर्थात २२।२५ किमी र पश्चिमतर्फ सर्लाहीतिर २३ हजार हेक्टर अर्थात २८ किमी क्षेत्रमा पहुँच छ। यो गुरुयोजनाअनुसार कूल क्षमताको ३७ प्रतिशत मात्रै हो।

-रासस

आवश्यक टेलिफोन नम्बरहरु

प्रहरी कन्ट्रोल	१००	IRDs समाज सहकारी अस्पताल	५५०४०१
जिल्ला प्रहरी कार्यालय जलेश्वर	५२०१५५	सिटि केयर हस्पीटल वर्दिवास	५५०५२७
ईलाका प्रहरी कार्यालय बर्दिबास	५५०००६	छिन्नमस्ता सशस्त्र प्रहरी गण	५५०४०४
जिल्ला ट्रा.प. कार्यालय ५५००५५		ढल्केवर (नो लाईट)	०४१-५६००६८
नेपाल पत्रकार महासंघ, महोत्तरी	५२०५१५	बर्दिवास दुरसञ्चार	५५००००
शुभ स्वस्तिक हस्पिटल	५५०२५५	नेपाल रेल्वे जनकपुरधाम	५२०२११
बर्दिबास अस्पताल	५५००५०	जनकपुर आँखा अस्पताल	५२०३५७
रेडक्रस एमबुलेन्स	५२०१००	प्रदेशिक अस्पताल जनकपुरधाम	५२००३३
वारुण यन्त्र (दमकल)	५२००५७	सुरक्षा क्याम (रेडियो नेपाल)	५५००२३
नेपाल विद्युत वितरण केन्द्र, गौशाला	५५६०८५	एम्बुलेन्स (सरोज फाउण्डेशन)	५२२८०६
जलेश्वर अस्पताल	५२००७०	एम्बुलेन्स (मारवाडी सेवा समिति)	५२२७६२, ५२१७८४
अस्थायी प्रहरी चौकी भीठामोड	५२०२०५	एम्बुलेन्स (जानकी मेडिकल कलेज)	५२६०५०, ५२६०५१
बर्दिवास आँखा अस्पताल	५५०४७७	महाविर युवा कमिटी एम्बुलेन्स	२५५८०
मेरी स्टोप्स सेन्टर	५५०१२६	ईलाका प्रहरी कार्यालय गौशाला	५८५४०५००५०
एकिकृत सेवा केन्द्र बर्दिवास	५५०६६८	रेडियो गौशाला ५३.६ मेगाहर्ज	५८२४८७२५६०

आजको राशिफल

मेष	अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउन सक्छन्।	तुला	मिहिनेतले विभिन्न अवसर दिलाउनेछ।
वृष	स्वास्थ्य कमजोर रहनाले काम गर्न समय लाग्नेछ।	वृश्चिक	सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ।
मिथुन	रमाइलो यात्रा र मनोरञ्जनको आनन्द लिने समय छ।	धनु	रचनात्मक काम प्रारम्भ गर्ने समय छ।
कर्कट	शत्रुहरू स्वतः किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ।	मकर	सुरुमा खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ।
सिंह	सुरुमा कामको मेसो नमिल्दा व्यवहारमा पछि परिनेछ।	कुम्भ	आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्।
कन्या	हतारमा निर्णय लिँदा काम बिग्रन सक्छ।	मीन	आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

पाँच वर्षीया बालिकाको बलात्कार...

घटनामा संलग्न रहेको आरोपमा दुईजना युवकलाई पक्राउ गरी सोधपुछ गर्दा उनीहरूकै संलग्नतामा ती बालिकाको जबरजस्ती करणीपछि घाँटी थिचेर हत्या गरेको खुल्न आएको हो। घटनामा संलग्न दुबैजनाको नाम प्रहरीले गोप्य राखे पनि २५ र ३६ वर्षका उनीहरू दुबैजना स्थानीय युवक रहेको बताइएको छ । उनीहरूमाथि जबरजस्ती करणी तथा ज्यानसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी आवश्यक थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रदेश सांसद अभिराम शर्मालाई...

उत्रिन तथा खुट्टा नकमाउन र हिम्मत देखाउन आग्रह गरिसकेको छु। थरुहट र मधेशी मोर्चाका सबै नेताहरुलाई डटेर सामना गर्न पनि खपिल गर्छु ।' उनले अधिकार र पहिचानको लागि भएको आन्दोलनको मागलाई दबाउन राज्यद्वारा भइरहेको प्रपञ्चको खुलेर विरोध गर्न आह्वान गरेका छन् । तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र थरुहटका सबै नेतालाई विभिन्न तहका सरकार हरुलाई दिएको समर्थन फिर्ता गरी एकताबद्ध र गोलबद्ध भएर प्रतिकारमा उत्रिन नेता महतोले आह्वान गरेका छन् । उनले भनेका छन्, 'नेतृत्वको आह्वानमा हुने आन्दोलनका कारण आन्दोलनकारी कार्यकर्ता नेतामाथि अन्याय, अत्याचार, पीडा हुँदा आन्दोलन आह्वानकर्ता पार्टी र नेता सत्ता स्वार्थ छोडी हिम्मतका साथ ती आन्दोलनकारी जनतालाई साथ सहयोग नदिने हो भने त्यस्ता पार्टी र नेताप्रतिको विश्वास र भरोसा निश्चित रुपमा टुट्न जानेछ र त्यस्ता नेतृत्वको पछि किन लाग्ने भने प्रश्न स्वाभाविक रुपमा उठ्नेछ ।' यस्तै, लोसपाका महासचिव अनिल महासेठले सबै तहका सरकारबाट समर्थन फिर्ता लिनुपर्ने बताएका छन् । उनले फेसबुकमा लेखेका छन्, 'अदालतको निर्णयपछि पार्टीले सबैभन्दा पहिला सबै तहको सरकारबाट समर्थन फिर्ता लिनुपर्छ । विगतमा पनि तत्कालीन राजपा पार्टी हुँदा रेशमलाल चौधरीको बारेमा कैलाली जिल्ला अदालतको दुर्भाग्यपूर्ण फैसलापछि तत्कालीन सरकारबाट समर्थन फिर्ता लिएको नजिर छ ।' लोसपाबाट अहिले प्रचण्ड नेतृत्वको सरकारमा शरदसिंह भण्डारी श्रम तथा रोजगारमन्त्री छन् । यद्यपि यही प्रकरणका आरोपित एमालेका संघीय सांसद लक्ष्मी महतो कोइरीलाई भने अदालतले सफाइ दिएको छ ।

महोत्तरी जिल्ला अदालतको फैसला...

निर्णय लिन आफ्ना पार्टी अध्यक्ष महन्थ ठाकुरलाई आग्रह समेत गरेका छन् । 'सरकारलाई दिएको समर्थन फिर्ता गरी संघर्षको कार्यक्रम घोषणा गरी नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्दछ', वक्तव्यमा उल्लेख छ । अधिकार र पहिचानको लागि भएको आन्दोलनलाई दबाउन राज्यबाट प्रपञ्च भइरहेकाले मधेशी मोर्चा र थरुहटका सबैलाई संयुक्त आन्दोलनका निम्ति महतोले आग्रह गरेका छन् ।

प्रहरीको गोलीले मृत्यु भएकाको शव...

भनेको भन्दै प्रजिअलाई थर्काएका थिए । बुधबार नगरपालिका कार्यालय पुगेका मेयर किशोरी साह कलवार र प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई आन्दोलनरत कर्मचारी र शिक्षकले कार्यालय भित्र बस्न अवरोध पुर्याएका थिए । दुई महिनादेखि आन्दोलित कर्मचारी, शिक्षकहरुले नगर पालिका कार्यालयको मुख्यद्वार मा धर्ना बस्दै आएका हुन् । कार्यालयभित्र मेयर साह अधिदेखि बसेका थिए । मेयर साहले पचरौता नगर पालिकाबाट सरुवा भई आएका प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रलाई कार्यालयमा आएर हाजिर गर्न आफू चढ्ने गाडी पठाएका थिए । आफूलाई मेयर, उपमेयरकी पति, वडाध्यक्ष अवधेश सहनीलगायतले कार्यालयमा बोलाएपछि हाजिर हुन गएको प्रमुख प्रशासकीय अधिकृत महेश मिश्रले बताए । उता प्रमुख जिल्ला अधिकारी सापकोटाले भने प्रशासकीय अधिकृतलाई जनप्रतिनिधिबीचको विवाद सल्टेको छैन । चार दिन हाजिर हुन नजानु , सामान्य स्थिति भएपछि जानु होला भनेर आफूले निर्देशन दिँदादिँदै नमाने पछि स्थिति असहज र मानवीय क्षति हुन गएको बताए । मेयरले पठाएको गाडी चढेर नगरपालिका आएका प्रमुख प्रशासकीय अधिकृत मिश्र कार्यालयमा पसेपछि गाडी फिर्ता जाने बेला आन्दोलित पक्षधरले मेयरको गाडीमा तोफोड गर्दै साँचो कब्जामा लिने प्रयास गरेका थिए । त्यतिकैमा तनाव सिर्जना भएको थियो । तनाव भएपछि प्रहरीले लाठी चार्ज गरेका थिए । 'कर्मचारीमा बाहिरका व्यक्तिले घुसपैठ गरी आक्रमणको प्रयास गरेका थिए,' मेयर साहले भने, 'हामी भित्रबाट कोठाको चुकुल लगाएर सोफाबाट छेकिएर जोग्यौ । झ्यालको सिसा फुटाएर ढुंगा हाने, संयोगले बच्यौं ।' मेयरको गाडीमा तोडफोड हँदा प्रहरी र आन्दोलनरत कर्मचारी र शिक्षकहरूबीच धकेलाधकेल भएको थियो, प्रहरीले लाठीचार्ज गरेर स्थिति नियन्त्रणमा लिएको थियो । तर पछि आन्दोलनकारीहरूले थप दबाब बढाएपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन अश्रु ग्यास र हवाई फायर गरेको प्रहरी उपरीक्षक सुरेन्द्र प्रसाद काफ्लेले जानकारी दिए । 'प्रहरीले ४५ सेल अश्रु ग्यास, २२ राउन्ड हवाई फायर र केही राउन्ड रबरको गोली चल्यो,' प्रहरी उपरिक्षक काफ्लेले भने । आन्दोलनकारीको ढुंगा प्रहारबाट १० प्रहरी घाइते भएका छन् ।' आन्दोलनका कारण दुई महिनायता नगरपालिकाबाट नियमित सेवा प्रवाह हुन सकेको छैन । मेयर साहसमेत नियमित नगरपालिका जाने गरेका थिएनन् । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत र लेखापालसमेत थिएनन् । मेयर साहले एक साताअघि मात्रै पचरौता नगरपालिकाबाट सरूवा लिएका प्रमुख प्रशासकीय अधिकृत मिश्रलाई हाजिर गराउन नगरपालिका पुगेका थिए । मेयर साह लोकतान्त्रिक समाजवादी पार्टीबाट निर्वाचित हुन् । तर नगरसभामा नेपाली कांग्रेसको बहुमत छ । यसअघि मेयर साहले गत कार्तिकमा ३ मा २५ प्रतिशत जनप्रतिनिधिको उपस्थितिमा नै नगरसभा सम्पन्न भएको भनेर आफ्नो फेसबुकबाट सार्वजनिक गरेका थिए, जुन दिन मेयरले नगरपालिका कार्यालयमा नगरसभामा गर्न (कर्तीक ३ मा) सम्पूर्ण जनप्रतिनिधिलाई उपस्थितिको लागि आह्वान गरेका थिए । तर मेयर साह कार्यालयमा नआई सामाजिक सञ्जालबाट नगरसभा सम्पन्न भएको जानकारी गराएका थिए । यही विषय लिएर मेयर पक्षधर र उनका इतर पक्षबीच विवाद सुरु हुँदै आएको हो । कांग्रेसका जनप्रतिनिधिहरूले भने नगरसभा नभएको भन्दै विरोध जनाउँदा विवाद उत्पन्न भएको हो । जनप्रतिनिधिको विवादले नगरपालिकाको काम कारबाही प्रभावित हुँदा कर्मचारी र शिक्षकहरू पनि आन्दोलित बनेका छन् । महिनौदेखि नगर अस्पताल बन्द छ । नगरका सबै विद्यालयहरु सातादेखि बन्द छ ।


मोटरसाईकल हराएको सुचना

जिल्ला महोत्तरी, औरही नगरपालिका ७ घर भएका भोला यादवको नाममा कायम रहेको मधेश प्रदेश ०२-००७ प १०६६ नम्बरको मोटरसाईकल (मोडेल **Apache RTR**) इन्जिन नम्बर **BE4HN2600425**, चेसिस नम्बर **MD634BE46N2H01531** मिति २०८० साल कातिक ५ गतेका दिन रौतहट जिल्ला चन्द्रनिगाहपुर नगरपालिका ५ वाट चोरी भएकोले फेला पार्नुहुनेले नजिकको प्रहरी कार्यालय वा निजको मोवाईल नम्बर ९७४२८३१६१४ मा सम्पर्क गरि सहयोग गरिदिनुहुन लागि अनुरोध छ।

प्रो. सुरेश चौधरी
मो. ९८५११०९९१९, ९८०६८००९१९

श्री गणेश ईन्जिनियरिङ्ग ममर्त केन्द्र

बर्दिवास-१ (बर्दिबास ट्राफिक कार्यालयको अगाडी)



यहाँ लेथ सम्बन्धी सानो, ठुला गाडी, ट्रेक्टरको टेलर, व्यालडिङ्गर क्रसरको सम्पूर्ण मर्मत काम गरिनुका साथै ट्रस, ग्रिल कम्पाउन्ड, स्टिल रलिङ, गार्डेन पिंग, बालमैत्री खेलौना, व्याम समाग्री, विद्यालयका लागि आवश्यक खेलौना सम्बन्धि सम्पुर्ण काम सुपथ मुल्यमा गरिन्छ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)



हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा

होल बडी चेकअपमा ३५% छुट

☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७

सम्पर्कको लागि

श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

प्रहरीको गोलीले मृत्यु भएकाको शव अझै उठेन



● टक नेपाल

बारा । सिम्रौनगढ नगरपालिकामा आन्दोलनरत शिक्षक-कर्मचारी र प्रहरी बीच बुधबार भएको झडपको क्रममा प्रहरीले चलाएको गोली लागेर युवकको मृत्यु भएपछि उनका आफन्त र नगरवासीहरुहरुले शुक्रबार पनि प्रदर्शन गरेका छन् । घटनाको छानबिनसहित गोली प्रहार गर्ने सुरक्षाकर्मीमाथि कारबाही गर्नुपर्ने, मृतक परिवारलाई राहत उपलब्ध गराउनुपर्ने, मुख्यमन्त्री र मेयरले राजीनामा दिनुपर्ने लगायत माग राखी उनीहरुले प्रदर्शन जारी राखेका छन् । प्रहरीको गोली लागी सिम्रौ नगढ-१ ननसगराढाट गाउँका २५ वर्षीय लक्ष्मी मुखिया बिनको मृत्यु भएको थियो । उनको शव नारायणी अस्पताल वीरगन्जमा राखिएको छ । मृत्यु भएको ३ दिन भइसक्दा पनि शव परीक्षण भएको छैन । आफन्तले शव बुझ्केका छैनन् । गोली लागेर ढलेपछि प्रहरीले उनलाई प्रहरीले तत्कालै त्रिपालले छोपेको थियो । पछि एम्बुलेन्समा हालेर सशस्त्र प्रहरीको सुरक्षामा वीरगन्ज लगेको थियो । गोली लागेर उनको घटनास्थलमै मृत्यु भएको नारायणी अस्पताल वीरगन्जका मेसु चित्ररञ्जन साहले बताए । 'टाउको पछाडिको भागबाट गोली लागेर टाउकोमा चिरा परेर भित्री भाग बाहिर आएको छ, मृत्यु भने गोली लाग्ने बित्तिकै भएको हो,' मेसु साहले भने, 'गोली रबरको हो कि बुलेट हो भन्ने कुरा पोस्टमार्टमबाट खुल्छ ।' झडपको क्रममा प्रहरीतर्फ १२ जना घाइते थिए । ढुंगामुढाबाट उनीहरुलाई चोट लागेको हो । स्थिति नियन्त्रण बाहिर गएपछि तनाव नियन्त्रणमा लिन प्रहरीले ४५ सेल अश्रुग्यास, २२ राउन्ड हवाइ फायर र केही राउन्ड रबरको गोली चलाएको थियो । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर गर्दा टाउकोमा गोली लागेका बिनको मृत्यु भएको सुरक्षा अधिकारीले दाबी गर्दै आएका छन् । नगरसभासँगै प्रमुख प्रशासकीय अधिकृत हाजिर हुने विषय लिएर त्यहाँ मेयर पक्षधर र उपमेयरसहित केही वडाध्यक्षहरुबीच लामो समयदेखि विवाद छ । यो विवादमा गृहनगर सिम्रौनगढकै मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादवले चासो राख्दै दुई दिनदेखि कलैयामा बसेका छन् । उनी बुधबार जिल्ला सुरक्षा समितिको जिल्ला प्रशासनमा जारी बैठकमै जबर्जस्ती प्रवेश गरी प्रमुख जिल्ला अधिकारीलाई थर्काएका थिए । प्रमुख प्रशासकीय अधिकृतलाई किन हाजिर हुन नदिन

»» बाँकी पृष्ठ ३ मा

पाँच वर्षीया बालिकाको बलात्कार पछि हत्या, दुईजना पक्राउ

● टक नेपाल



जनकपुरधाम । धनुषामा पाँच वर्षीया बालिकालाई जबरजस्ती करणी गरी हत्या गरेको घटना सार्वजनिक भएको छ । जिल्लाको सबैला नगर पालिका-९ कुसमाहामा ५ वर्षीया बालिकाको जबरजस्ती करणी गरी घाँटी थिचेर मारेको अवस्थामा शव फेला परेको हो । ५ वर्षीया बालिकाको जबर जस्ती करणी गरेर घाँटी थिची हत्या गरेर खाल्डोमा फालेको अवस्थामा बिहीबार राती करिब ८ बजेतिर शव फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । बुधबार राती करिब ९ बजे गाउँकै छिमेकीसँग मटकोर गएकी बालिका अबेर रातीसम्म घर नफर्केपछि बालिकाको अभिभावकले प्रहरीलाई जानकारी गराएका थिए । बालिका हराएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा बिहीबार राती सबैला नगरपालिका -९ स्थित खाल्डोमा बालिकाको शव फेला पारेको हो ।

»» बाँकी पृष्ठ ३ मा

कहिले आउला मधेशमा सुनकोसीको पानी ?

● टक नेपाल



बर्दिबास । सर्लाहीको वाग्मती नदी आसपासका जमिन हराभरा हुन थाले को धेरै भएको छैन। तीस वर्षअघिसम्म नदी किनारका बगर घर छाउन प्रयोग हुने खरले ढकमक्क ढाकेका र अरु अधिकांश ठाउँमा मकैखेती मात्रै हुने गरेको थियो। सर्लाहीको बर्थना हजरियाका लक्ष्मी महतोको मानसपटलमा यो सम्झना अझै ताजै छ । तर अहिले भने त्यो अवस्था छैन। हिजोको बगरमा आज मौसमअनुसारको खेती हुन थालेको छ। धान, मकै र गहुँखेती गर्ने किसान त्यसैमा सीमित छैनन् । बाह्रै महिना कुनै न कुनै खेती गर्ने प्रचलन बढ्दो छ । त्यसैले खेत वर्षभरि हराभरा देखिन थालेका छन्। 'बगरमा खर र अन्य ठाउँमा दुई याममा लगाइने परम्परागत धान, गहुँ र मकैखेती मात्रै हुन्थ्यो । त्यसबाट किसानको गुजारा पनि चल्थेन । अहिले त्यो समय बदलिएको छ । किसानहरुले उन्नत जातको बाली लगाउनुका साथै तरकारी खेती गरेर राम्रो आम्दानी गरिरहेका छन्,' महताले भने। उनका अनुसार बागमती सिँचाइ आयो जनाको पहुँच क्षेत्रमा अन्य ठाउँभन्दा राम्रो उत्पादन भइरहेको छ । मकै उत्पादनमा नेपालकै नमूना भनेर चिनिन थालेको छ भने आलु, गोलभेंडालगायत तरकारी उत्पादनबाट उर्बरभूमिको पहिचान बनाउँदैछ। 'सिँचाइ सुविधा र कृषकमा आएको चेतनाका कारण अहिले परम्परागत खेती गर्ने प्रवृत्ति बदलिएको छ । यस ठाउँमा अचेल बाह्रै महिना कुनै न कुनै खेती हुन्छ ।

»» बाँकी पृष्ठ २ मा

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी, मधेश प्रदेश, नेपाल

जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४



बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com